# नीति तथा कार्यक्रमहरुः

## कृषि विकास तर्फः

१. भौगोलिक अवस्था अनुकुल व्यवसायिक खेतीका लागि कृषकहरुलाइ प्रोत्साहन हुने कार्यक्रम संचालन गरिने छ।

२. सुख्खा ग्रस्त क्षेत्रमा मोटर बोरिङ्ग / डिप बोरिङ जडानमा सहयोग उपलब्ध गराइ कृषि उत्पादकत्व बृद्धि गरिने छ ।

३. एक वडा एक पकेट कृषि कार्यक्रम संचालन गरिने छ ।

४. सामुहिक र ब्यवसायिक कृषि खेती प्रणालिसंगै अर्गानिक तथा प्राङगारिक खेतीलाई प्रोत्साहित गरिने छ ।

५. कृषकलाइ बजारसम्म पहुँच बढाउन कृषि उपज संकलन केन्द्र कृषि उपज बजार तथा बिज भण्डारण सिड बैंक स्थापना गरी संचालन गरिने छ।

६. तरकारी संकलन केन्द्रको निर्माण गरी संचालन गरिने छ।

७. किसान सुचिकरण कार्यलाइ संचालन गरि उर्लाबारी नगरभित्रका कृषकको तथ्यांक अध्यावधिक गरिदै लगिने छ ।

८. निजि तथा सहकारी क्षेत्रसँगको साझेदारीमा शित भण्डारण निर्माण र संचालन गरिने छ ।

९. निर्बाहमुखी खेती प्रणाली लाई व्यवसायिक प्रणालीतर्फ उन्मुख गर्ने नीति लिइने छ।

१०. माटो परिक्षण कार्यलाइ निरन्तरता दिइने छ साथै कृषि योग्य भूमिको माटो सुधारको कार्यक्रम संचालन गरिने छ।

११. साप्ताहिक हाट बजार लाइ ब्यवस्थित गरिदै लगिने छ।

१२. शुक्रबारे हाटको कृषि बजार निर्माण कार्यलाइ निरन्तरता दिइने छ।

१३. युवा उद्यमी / कृषकहरुलाइ कृषि प्राविधिक तालिम दिइ टोल-टोलमा अगुवा कृषक उत्पादन गरिने छ।

१४. वैदेशिक रोजगारीमा शिप सिकी स्वदेशमा आइ आफ्नो श्रम शिप र पुँजीको उपयोग गरी कृषि ब्यवसाय संचालन गर्नेलाइ प्रोत्साहित गर्ने नीति लिइने छ।

१५. व्यवसायिक रुपमा खेती गर्ने कृषकलाइ आवश्यकता अनुसार तालिमको व्यवस्था गरिदै लगिने छ।

१६. किसानहरुको बर्गिकरण गरी कृषकको व्यवसाय हेरी प्रोत्साहन हुने खालका कार्यक्रम संचालन गरिने छ।

१७. हिउँदे मकै चैते धान बगर खेती तथा खाध्यान्न बाली बिउ उत्पादन गर्ने कृषकहरुलाइ प्राविधिक सहयोग उपलब्ध गराई उर्लाबारी नगरपालिकालाई खाद्यान्नमा आत्मनिर्भर नगरपालिका बनाउने नीति अवलम्बन गरिने छ।

१८. बाझो जग्गा कमाउन प्रोत्साहन गरिने छ ।

१९. व्यवसायिक रुपमा आलु उत्पादन कार्यक्रम संचालन गरिने छ ।

२०. पुष्पखेती लाई व्यवसायको रुपमा संचालन गर्न प्रोत्साहन गरिने छ ।

२१. कृषकहरुलाई उन्नत जातको बीउ/बिजन उपलब्ध गराइ नगरलाइ आत्मनिर्भर उन्मुख बनाउने कार्य संचालन गर्दै लगिने छ ।

२२. साना ब्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन गर्दै लगिने छ साथै गत आ.व.मा संचालन भएका पकेट कार्यक्रमलाइ निरन्तरता दिइने छ।

२३. कृषिमा यान्त्रिकिकरण र व्यवसायिकरण गर्न चाहने कृषकलाइ प्रविधिमैत्री खेती गर्न आवश्यक कृषि औजार/उपकरण ब्यवस्था गर्दै लगिने नीति लिइने छ ।

२४. कृषि खेतिको साथमा बातावरणलाइ संरक्षण गर्दै रोग तथा किरालाइ न्यूनिकरण गर्नको लागि बाली संरक्षण बिधी अपनाइने छ।

२५. बिपन्न समुदाय लक्षित कार्यक्रम संचालन गरिने छ।

२६. कृषकहरुलाइ सम्मान स्वरुप उत्कृष्ट रुपमा खेती गर्ने कृषकलाइ सम्मान गर्ने कार्यक्रम लाई निरन्तरता दिइने छ।

**सिंचाईः**

२७. नियमित मुहान तथा खोला सिंचाइ र भूमिगत सिंचाइका माध्यमबाट कृषियोग्य भूमिमा सिंचाइ उपलब्ध गराउन कूलो मर्मत, निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

२८. साना सिंचाइ, स्यालो ट्युबेल लगायत साना तथा मझौला आयोजना संघीय तथा प्रदेश सरकारको लागत सहभागितामा सिंचाइ उपलब्ध गराइनेछ ।

**पशुपन्छी सेवा तर्फः**

२९. पशु स्वास्थ्य उपचार सेवाः आन्तरिक तथा बाह्य परजिबि नियन्त्रण, प्राथमिक उपचारको लागी औषधि उपचार सेवा लाई निरन्तरता दिइनेछ ।

३०. पशु रोग निरोधक खोप कार्यक्रमः गाईभैसि बंगुर बाख्रा कुकुर तथा पन्छीहरुमा लाग्ने बिभिन्न संक्रामक रोगहरु (खोरेत, पि पि आर, स्वाइन फिबर, रेबिज, एच एस बिक्यु) आदी विरुद्ध निशुल्क खोप कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइएको छ ।

३१. प्रयोगशाला सेवा कार्यक्रमः शाखाबाट नियमित रुपमा प्रदान गरिदै आएको प्रयोगशाला सेवा लाई निरन्तरता दिदै गोबर परिक्षण पिसाब परिक्षण दुध परिक्षण सेवालाई थप प्रभाबकारी एवं समयअनुसारको प्रबिधियुक्त बनाउदै लगिनेछ ।

३२. पशुनश्ल सुधार कार्यक्रमको निरन्तरताः पशुहरुमा सञ्चालन गरिदै आएको कृत्रिम गर्भाधान सेवा सञ्चालन कार्यक्रमलाई निरन्तरता दिइएको छ । सो कार्यक्रम सञ्चालनका लागी आवश्यक पर्ने उपकरण, सामाग्री, लिक्विड नाइट्रोजन उपलब्ध गराइने व्यवस्था मिलाईनेछ ।

३३. पशु आहारा विकास कार्यक्रमः नगर क्षेत्रका पशुपालक कृषकहरुको पशुजन्य उत्पादनमा लाग्ने पशु आहारा लागत खर्च कम गरी उत्पादनमा सहयोग गर्न बिभिन्न प्रकारका उन्नत घाँसका बिउ हिउदे, बर्षे तथा बहुबर्षिय घाँसका स्लीप सेट्स बेर्ना आदी लागत साझेदारीमा उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३४. बिशेषज्ञ सहित पशु स्वास्थ्य तथा बाझोपन नियन्त्रण घुम्ती शिबिर सञ्चालनः पशुचौपायहरुमा लाग्ने सबै प्रकारका रोगहरुलाई स्थलगत रुपमा नै पहिचान गरि सोही स्थलमा नै निदान गर्न सहयोग पुगोस भन्ने उद्धेश्यले बिशेषज्ञ सहितको पशु स्वास्थ्य शिबिर सञ्चालन गरिने छ ।

३५. कुकुर बन्ध्याकरण शिबिर सञ्चालनः सामुदायिक कुकुरहरुको नियन्त्रणको लागि कुकुरको बन्ध्याकरण शिबिर सञ्चालन कार्यक्रम लाई निरन्तरता दिइएको छ । यस बाट कुकुरहरुमा लाग्ने रेबिज रोग नियन्त्रण तथा सामुदायिक कुकुरको संख्या नियन्त्रण हुनेछ साथै कुकुरहरु बाट मानिस/पशुपन्छीहरुमा हुने जोखिम न्यूनिकरणमा सहयोग पुग्नेछ ।

३६. व्यवसायिक पशुपन्छी तथा मत्स्य फर्महरुमा यान्त्रिकरण सहयोग कार्यक्रमः पशुपन्छी पालक व्यवसायिहरुलाई व्यवसायमा लाग्ने श्रम न्यूनिकरणका लागी लागत साझेदारीमा

यन्त्र उपकरणहरु बितरण कार्यक्रम लाई निरन्तरता दिइएको छ । जस्तैः च्यापकटर,पिग होल्डर, मिल्कीङ्ग मेशिन, ग्रास कटर, डिबिकर मेशिन, ब्रुडर, एरिएटर, समर्सियल पम्प आदी बितरण गरिनेछ ।

३७. पशुपन्छी फर्म प्रबर्धन कार्यक्रम गोठ/खोर सुधार कार्यक्रमः गाईभैसी बाख्रा बंगुर तथा पन्छी फर्महरुमा लागत साझेदारीमा गोठ/खोर सुधार कार्यक्रमलाई निरन्तरता दिइएको छ । जस्ले कृषकहरुमा व्यवसायिक निरन्तरतामा हौसला मिल्नेछ ।

३८. एक वडा एक भेटेरिनरी प्राबिधिक सेवाः नेपाल सरकारको आ ब ०७९/०८० को नीति तथा कार्यक्रममा भए अनुसार सबै वडमा पशु प्राबिधिकहरुको व्यवस्थापन गरिनेछ ।

३९. प्रधानमन्त्रि कृषि आधुनिकिकरण परियोजनाः परियोजना अन्तर्गत बाख्रा, साना व्यवसायिक कृषि उत्पादन केन्द्रको पकेट बिकास कार्यक्रम निरन्तरता सञ्चालनमा ल्याइने छ ।

४०. बाख्रा पकेट बिकास कार्यक्रमको निरन्तरताः गत आ.ब. मा नगर स्तरीय वजेट बाट संचालित बाख्रा पकेट बिकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४१. बिपन्न तथा आर्थिक रुपमा पछाडि परेका जातजातीहरुमा आयआर्जन कार्यक्रमः पशुपन्छी पालनको सम्भावना भएका क्षेत्रमा बिपन्न तथा आर्थिक रुपमा न्युन आय भएका कृषकहरुलाई बाख्रा बंगुर गाई पन्छी बितरणका कार्यक्रमहरु लाई निरन्तरता दिइनेछ ।

४२. दुग्ध उत्पादक समुह/समिति/सहकारी/प्राइभेट डेरि संग साझेदारी कार्यक्रमः दुध उत्पादक समुह समिति सहकारीहरु तथा दुग्ध व्यवसायिहरुलाई लागत साझेदारीमा दुध भण्डारण तथा प्रशोधन बिबिधिकरणमा सहयोग पुर्याउने कार्यक्रमहरु लाई निरन्तरता दिइएको छ ।

४३. तालिम तथा सिप बिकास कार्यक्रमः नगरपालिका क्षेत्रका पशुपन्छी पालक कृषकहरुको व्यवसायिक प्राबिधिक क्षमता अभिबृद्धीका लागी पशुपन्छी पालन, मत्स्य पालन, घाँस खेती सम्बन्धी प्राबिधिक सिप बिकास (कृषकस्तर) तालिम कार्यक्रमहरु लाई निरन्तरता दिइएको छ ।

४४. पशुबधशाला निर्माणः उर्लाबारी बजारमा भएको अव्यवस्थित मासु पसल तथा कटिङ्गलाई पशुजन्य उत्पादन मासुको व्यवस्थित बजारको पूर्बाधार बिकासका लागी पशुबधशाला निर्माणका लागी प्रदेश सरकार तथा संघीय सरकारसंग सहकार्य गरिने छ ।

४५. सामुदायिक कुकुर संरक्षण तथा व्यवस्थापनका लागि पहल गरिनेछ ।

## पर्यटन विकासः

४६. पर्यटन क्षेत्रको रुपमा चिनिएको बेतिनी सिमसार, लामपाते, बाँसेचौरी, बुढाठाकुर लगायतका सिमसारको संरक्षण र सम्बर्द्धन गर्दै लगिनेछ । यसको प्रचार प्रसारलाई प्राथमिकता दिइनेछ ।

४७. सम्भावित पर्यटकीय स्थलहरुको पहिचान गरी पर्यटन गुरुयोजना निर्माण गरी सोही अनुसार कार्यान्वयन गरिनेछ ।

४८. स्थानीय जनजाति र भाषा-भाषिहरुको पहिचान झल्कने कला, संस्कृति, सिप र सामग्रीहरुको खोज, संरक्षण एवम् प्रबर्द्धनमा जोड दिइनेछ ।

४९. स्थानीय मठ, मन्दिर, देवालय, शिवालय, चर्च, मस्जिद, महाराजथान, गुम्बा र धार्मिकस्थलको विकास र संरक्षणमा स्थानीय समुदायसँग सहकार्य गरिनेछ ।

५०. मनोहर सामुदायिक वनमा रहेको चिल्डेन पार्कलाई व्यवस्थित गरिनेछ ।

५१. पर्यटक प्रवर्द्धन र सम्बर्द्धन लागि बजार विस्तार गर्न आवश्यक पहल गरिनेछ ।

५२. मञ्जुल मितेरी सङग्रहालय स्थापना र व्यवस्थापन गर्नको लागि पहल गरिनेछ ।

५३. पहिलो जातिको रुपमा रहेको धिमाल जातिको धर्म, संस्कृति प्रबर्द्धनका लागि योजनाबद्ध विकास गर्दै लगिनेछ ।

## सहकारी क्षेत्रको सुदृढिकरणः

५४. अर्थतन्त्रको एउटा खम्बाको रुपमा रहेको सहकारीहरुको नियमनलाई प्रभावकारी बनाइनेछ ।

५५. सहकारी शिक्षा, तालिम र सूचनालाई ब्यापक र प्रभावकारी बनाउन नगरपालिकाको सम्बन्धित निकाय तथा सहकारी संघ-संस्थाहरुलाई प्रभावकारी ढंगले परिचालन गरिने छ ।

५६. सहकारी संस्थाहरुको क्षमता विकासका लागि नगरपालिकासँगको साझेदारीमा सहकारी अनुशिक्षण तालिमलाई अनिवार्य गर्दै लगिनेछ ।

५७. सहकारी संस्थाहरुको नियमित र सघन अनुगमन गरी संस्थागत सुशासन कायम गरिनेछ ।

५८. आम नागरिकहरुलाई सहकारी सम्बन्धी जनचेतना अभिवृद्धिका लागि, सहकारी क्षेत्र, नागरिक समाज, विकास साझेदार, शैक्षिक क्षेत्र, संचार जगतका साथै सम्बद्ध सामाजिक संघसंस्थाहरु परिचालन गरिनेछ ।

५९. नगर क्षेत्रमा स्वस्थ सहकारी प्रणालीको सुदृढिकरणबाट आन्तरिक पूँजि निर्माण गरी सहकारीको लगानीलाई उत्पादनमूलक र रोजगारी श्रृजना, गरिबी न्युनिकरण र सामुदायिक सशक्तिकरण हुने क्षेत्रमा आकर्षित गर्न प्रोत्साहित गरिनेछ ।

६०. बढ्दो सहकारीको पूजिलाई उत्पादनमूलक क्षेत्रमा लगानी प्रोत्साहित गर्ने नीति लिइने छ ।

६१. सहकारीहरुलाई गुणात्मक बनाउन सहकारी संस्थाहरुको एकिकरण कार्यलाई जोड दिइनेछ ।

६२. नगरपालिकाबाट सहकारी संस्था र शेयर सदस्यको हितका लागि बनाइएका कानुन कार्यविधिहरुका बारेमा सु-सूचित गरिनेछ ।

६३. कृषि तथा अन्य व्यवसायमा सदस्यहरुको रोजगारी तथा उत्पादन वृद्धि हुने गरी कार्यक्रममा सहकारीहरुलाई प्राविधिक सहयोग गरिनेछ ।

६४. सहकारी संस्थाहरुको लागत साझेदारीमा विभिन्न कार्यक्रम सञ्चालन गर्ने नीति लिइने छ ।

## रोजगार प्रबर्द्धन नीतिः

६५. वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको प्रोफाइल तयार गरिनेछ ।

६६. वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको ज्ञान, सिप, अनुभव र पूजी परिचालन गरिनेछ ।

६७. सिपमूलक तालिम, कृषिमा व्यवसायिकरण र पकेट कार्यक्रमहरुको वृद्धि गरी रोजगारी श्रृजना गरिनेछ ।

६८. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत वडाका योजनाहरुसँग साझेदारी १०० जना श्रमिकहरुलाई न्युनतम १०० दिनको रोजगारी कार्यक्रममा सहभागी गराईनेछ ।

६९. प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत श्रमिक सूचना बैंकको अवधारणामा कार्ययोजना तयार गरिनेछ ।

७०. *श्रमको सम्मान राष्ट्रको अभियान* रणनीति दृढताका साथ अपनाईनेछ ।

## स्वास्थ्य सेवा सम्बन्धिः

७१. नेपालको संविधान, २०७२ ले सुनिश्चित गरेको आधारभुत स्वास्थ्य सेवालाई नागरिकहरुको स्वास्थ्य सम्बन्धि आवश्यकता परिपुर्ति हुने गरी सुनिश्चित गरीनुका साथै सबै नागरिकहरुले गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गरेको एकिन हुने गरी व्यवस्था मिलाईनेछ ।

७२. स्वास्थ्य चौकी तथा आधारभुत स्वास्थ्य सेवा केन्द्रहरु र शहरी स्वास्थ्य सेवा केन्द्रमा आवश्यकताका आधारमा क्रमशः निःशुल्क आधारभुत प्रयोगशाला (ल्याब) सेवा विस्तार गर्दै लगीने छ । राजघाट स्वास्थ्य चौकीमा निःशुल्क आधारभुत प्रयोगशाला (ल्याब) सेवालाई निरंन्तरता दिइनेछ ।

७३. अति विपन्न, गरीव, सर्वहारा वर्गहरुलाई आकस्मिक स्वास्थ्य सेवा तथा दिर्घरोगहरुको उपचारका लागी दिदै आएको आर्थिक सहायतालाई निरन्तरता दिईनेछ ।

७४. सरकारले विपन्न नागरिकहरुलाई उपचार सहुलियत दिदै आएको आठ ओटा रोगहरु (क्यान्सर, मृगौला, मुटुरोग, स्पाइनल इन्ज्युरी, पार्किन्सन्स, हेडइन्ज्युरी, अल्जाइमर र सिकलसेल एनिमिया) का विपन्न बिरामीहरुलाई नगरपालिकाले बर्षमा एकपटकको लागी प्रदान गरीदै आएको यातायात खर्च (एम्वुलेन्स भाडा) रकमलाई निरन्तरता दिईनेछ ।

७५. पुर्णखोप दिगोपनाको लागी खोप केन्द्रहरुको भौतिक व्यवस्थापन, गुणस्तरीय खोप सेवाका लागी नयाँ स्वास्थ्यकर्मिहरुलाई तालिम र सरोकारवालहरुको समन्वयमा

जनचेतनामुलक कार्यक्रम गरी यस नगरपालिकालाई पुर्णखोप युक्त नगर कायमै राखिनेछ ।

७६. सरकारी, निजि र सामुदायिक तथा सहकारी स्वास्थ्य संस्थाहरुबाट गरिने प्रतिवेदनहरुलाई व्यवस्थित, बैज्ञानिक र नियमित बनाउन अनलाईन रिपोर्टिङ्ग सिष्टमलाई स्वास्थ्य संस्था सम्म क्रमशः विस्तार गर्दै लगीनेछ । जसका लागी स्वास्थ्यर्मिहरु लाई तालिम र अन्य आवश्यक व्यवस्थापन गरिनेछ ।

७७. सबै वडामा कार्यरत महिला स्वास्थ्य स्वंय सेविकाहरुलाई आ आफ्नो कार्यक्षेत्रमा दत्तचित्त भई काम गर्न उप्रेरित बनाउन नगरपालिकाले प्रदान गर्दै आएको मासिक यातायात खर्च तथा खाजा खर्च रकम लाई निरन्तरता दिईनेछ ।

७८. निजि अस्पताल, पोलिक्लिनिक, क्लिनिक तथा सहकारी अस्पतालहरुको सेवालाई व्यवस्थित गराउन तोकिएका सेवाहरुको प्रवाह, सेवा शुल्क आदि मापदण्ड अनुसार भए नभएको नियमित अनुगमन गरीनेछ । निजि स्वास्थ्य संस्थाहरुको दर्ता तथा नविकरण लाई व्यवस्थित गरीनेछ ।

७९. विभिन्न माध्यम बाट माहामारी तथा आधारभुत स्वास्थ्य सेवा सम्वन्धि सुचना प्रवाह गरी स्वास्थ्य जिबनशैली प्रति सकारात्मक व्यवहार परिबर्तन गरी नागरीकहरुको स्वास्थ्य प्रर्वधनमा जोड दिइने छ ।

८०. डेङगु लगायत किटजन्य रोगहरुको रोकथामको लागी विभिन्न कार्यक्रमहरु संचालन गरी माहामारी नियंत्रण गरीनेछ ।

८१. आधारभूत स्वास्थ्य सेवाका लागि आवश्यक पर्ने तोकिएका सम्पुर्ण औषधिहरुको प्रयाप्त व्यवस्था गरी यस नगरपालिका अन्तरगतका सबै स्वास्थ्य संस्थाहरुबाट बर्ष भरी नै निःशुल्क वितरण गरीने व्यवस्था मिलाईने छ ।

८२. देशको सबैभन्दा पुरानो आर्युवेद तथा परम्परागत चिकित्सा पद्दति लाई संरक्षण गर्दै नगरका सम्पुर्ण नागरिकहरुको पहुँच हुनेगरी विस्तार गरीनेछ । जेष्ठ नागरीकहरु तथा दिर्घरोगीहरुलाई योग व्यायाम, प्रणयाम तथा ध्यान जस्ता प्राकृतिक चिकित्साका सिप सिकाई दम, बाथ, मधुमेह, उच्च रक्तचाप, क्यान्सर तथा मुटु सम्वन्धि रोगहरु लगायतका दिर्घरोगहरुको रोकथाममा जोड दिइने छ ।

८३. सववहान र एम्वुलेन्स सेवाको नियमित व्यवस्थापन मिलाईने छ ।

८४. अति विपन्न परिवारलाई नगरपालिकाबाट गराइएको स्वास्थ्य विमा लाई नविकरण गरीने छ साथै थप विपन्न परिवारको पहिचान गरी स्वास्थ्य विमाको व्यवस्था गरीने छ ।

८५. नियमित संचालन हुदै आएको आमबारी गाउँघर क्लिनिकमा नसिङ कर्मचारीको थप व्यवस्था सहित सेवा संचालन लाई निरन्तरता दिईनेछ ।

८६. गर्भवती महिलाहरुलाई यस नगरपालिका मातहतका सबै स्वास्थ्य संस्थाहरुबाट महिनाको एक पटक भिडियो एक्सरे सेवा उपलब्ध गराईनेछ ।

८७. महिलाहरुमा हुने पाठेघरको मुखको क्यान्सरको प्रारम्भिक परीक्षणका लागि निःशुल्क रुपमा स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

८८. गर्भवती तथा सुत्केरी पोषण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

## खानेपानी तथा सरसफाई सम्बन्धिः

८९. उर्लाबारी नगरक्षेत्रमा सञ्चालनमा रहेका खानेपानी उपभोक्ता समिति/संस्थालाई एकिकृत गरी नगरपालिका खानेपानी निर्देशन समिति मार्फत सञ्चालन गर्न आवश्यक कानूनको निर्माण गरिनेछ ।

९०. स्वास्थ्य तथा सरसफाई सम्बन्धी बानी व्यवहारमा परिवर्तन गर्न नगरपालिकाको अगुवाइमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । सामूहिक सरसफाई अभियानको थालनी गरिनेछ ।

९१. सञ्चालनमा रहेका खानेपानी आयोजनाहरु समयानुकुल मर्मत सम्भार, चुहावट, नियन्त्रण, गुणस्तरिय खानेपानी, उचित मूल्यमा स्थानीय उपभोक्तालाई उपलब्ध गराउने गरी व्यवस्थापन मिलाइने छ ।

९२. खानेपानीको वितरणलाई सरल, सहज र पहुँचयोग्य बनाइनेछ ।

९३. विपन्न र लक्षित वर्ग केन्द्रित खानेपानी व्यवस्थापनका लागि आवश्यक नीति/कार्यविधि/मापदण्ड तयार गरिनेछ ।

९४. विपन्न र लक्षित वर्ग केन्द्रित खानेपानी सुविधा धारा जडान, पाइप व्यवस्थापन गरी निःशुल्क एक घर एक धारा नीतिको अवलम्बन गरिनेछ ।

९५. सार्वजनिक स्थानमा पिउने पानी उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

**शिक्षाः**

९६. प्रारम्भिक बालविकास सहित आधारभूत तह (कक्षा १-८) सम्मको शिक्षा अनिवार्य तथा निःशुल्क गरिनेछ । प्रारम्भिक बालविकासमा भौतिक पूर्वधार विस्तार गर्दै लगिने छ ।

९७. प्रत्येक विद्यालयमा शुद्ध पिउने पानी, उपयुक्त शौचालय, घेराबारा र विद्यालय भवनहरुको व्यवस्था गरिने छ ।

९८. नगरक्षेत्रका शैक्षिक संस्थाहरुको शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि आवश्यक कानून निर्माण गरिनेछ ।

९९. विद्यालय नक्साङ्कन, विद्यार्थी शिक्षकको अनुपातमा शिक्षक व्यवस्थापन गरिने छ ।

१००. शैक्षिक क्षेत्रको अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण विषय विज्ञहरुबाट गरिने छ ।

१०१. नगरपालिकाले सञ्चालन गरेको नगरस्तरीय परीक्षालाई गुणस्तरीयरुपमा संचालन गरिने छ ।

१०२. आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तह (कक्षा ९-१०) मा अंग्रेजी, गणित, विज्ञान विषयको सिकाइ अनुदान उपलब्ध गराइने छ र सो को निरन्तर मुल्याङ्कन गरिनेछ ।

१०३. शिक्षण सिकाइमा सूचना तथा प्रविधिको प्रयोग बढाउन सामूदायिक विद्यालयहरुलाई प्रविधिमैत्री बनाउँदै लगिने छ ।

१०४. उच्च शिक्षामा सहज पहुँच र सहभागिता सुनिश्चित गरिने छ ।

१०५. प्राविधिक शिक्षा अध्ययन गर्न चाहने विपन्न तथा जेहेन्दार, सिमान्तकृत, अल्पसङख्यक समुदायका विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराइने छ ।

१०६. संस्थागत विद्यालयहरुलाई सामूदायिक विद्यालयहरु सँग समन्वय गरी आवश्यक शैक्षिक परामर्श उपलब्ध गराइनेछ ।

१०७. कक्षा थप, विषय थप जस्ता विषयहरुमा प्रक्रियागतरुपमा अघि बढाई अनुमति प्रदान गरिने छ ।

१०८. नगरपालिकाबाट अनुमति नलिइ विद्यालय, मन्टेस्वरी स्कुल, कोचिङ सेन्टर, तयारी कक्षाहरु सञ्चालन गर्न निरुत्साहित गरिनेछ ।

१०९. विद्यालयहरुमा हुने दुर्घटना न्यूनिकरण गर्न अभिमुखिकरण कार्यक्रम संचालन गरिने छ ।

११०. शिक्षा, युवा तथा खेलकुद शाखालाई आवश्यक जनशक्ति उपलब्ध गराइने छ । साथै शिक्षा, युवा तथा खेलकुद शाखाको कार्यालयलाई व्यवस्थित वनाइने छ ।

१११. बाल अधिकार तथा अतिरिक्त कृयाकलापमा बाल सहभागिता सुनिश्चित गर्न बाल क्लबको गठन र परिचालन गरिनेछ ।

११२. सामुदायिक विद्यालयहरुले विद्यालय सेवा क्षेत्रमा प्रत्येक वर्ष भर्ना अभियान सञ्चालन गरी विद्यालय बाहिर रहेका पढ्ने उमेर समूहका बालबालिकालाई विद्यालयमा भर्ना गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

११३. बालविकास केन्द्रहरुमा दिवा खाजाको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

११४. सिकाई उपलब्धि उत्कृष्ट भएका विद्यालयलाई पुरस्कृत गरिने नीति लिइनेछ ।

११५. विद्यालयमा छात्राहरु र महिला शिक्षिकाहरुका लागि *Changing Room* को क्रमशः व्यवस्था गरिने नीति लिइनेछ ।

११६. शिक्षाको नगर गुरुयोजना बनाइनेछ र स्थानीय पठ्यक्रमको विकाश गरिनेछ ।

११७. सामुदायिक तथा संस्थागत विद्यालयहरुका प्र.अ. हरुको मासिक बैठक राखी शैक्षिक प्रगति तथा सुधारमा छलफल गरिनेछ ।

११८. विद्यालयहरुमा निःशुल्क सेनिटरी प्याड उपलब्ध गराइनेछ ।

११९. बालअधिकार तथा सामाजिक क्रियाकलापमा बाल सहभागिता सुनिश्चित गर्न सामुदायिक विद्यालयहरुमा स्काउटको गठन र परिचालन गरिनेछ ।

१२०. वार्षिक रुपमा थप सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट पठनपाठन सुरु गरिने छ ।

१२१. विद्यालयको भौतिक संरचनाको क्रमिक सुधार गर्दै बालमैत्री र अपाङ्गमैत्री बनाउदै लगिनेछ ।

१२२. हाल कुनैपनि सामूदायिक विद्यालय नरहेको वडा नं. ५ मा सामुदायिक वा प्राविधिक विद्यालय स्थापना गर्न पहल गरिनेछ ।

**महिला, बालबालिका, अपाङ्ग तथा ज्येष्ठ नागरिकः**

१२३. वार्षिक बजेट निर्माण गर्दा सामाजिक विकास, पुर्वाधार, कृषि वन तथा भूमीसुधार, गरिबी निवारण, स्थानीय विकास तथा शान्ति एवम सुशासन संग सम्बन्धित सवै क्षेत्रको वजेटलाई लैङ्गिक उत्तरदायी वनाइनेछ ।

१२४. हरेक वर्ष लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरि त्यसले औल्याएका कमी कमजोरीहरुलाई अर्को वर्षको कार्यक्रममा समेटेर श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै लगिनेछ।

१२५. महिला तथा बालबालिका संग सम्बन्धीत सबै अन्तराष्ट्रिय सन्धि संझौताहरु, प्रतिवद्धताहरु तथा दीगो विकासका लक्षलाई स्थानीयकरण गरी त्यसका सूचकहरु पुरा गर्दै लगिनेछ ।

१२६. नगरपालिकाले निर्माण गरेका सवै कानून, नीति, नियम, निर्देशिका कार्यविधिहरु महिला, बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता, जेष्ठनागरिक, दलित, लोपउन्मूख सिमान्तकृत आदीवासी जनजाती सहित समग्र लक्षित वर्ग मैत्री वनाउदै लगिनेछ।

१२७. लै.स.सा.स बारे संविधानमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न, वर्तमान संघीय शासन स्वरूप, नीति, नियम, ऐन, कानून, कार्यबिधि साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरूको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना, सचेतीकरण तथा क्षमता विकास गरिनेछ ।

१२८. वार्षिक बजेट तर्जुमामा बजेट विनियोजन गरी लैङ्गिक हिंसा निवारण महिला सीप विकास महिला बिकास कार्यक्रम लगायत क्षमता विकासका कृयाकलापहरु संचालन गरी महिला पुरुष समविकासलाई वढावा दिईनेछ ।

१२९. लक्षित वर्ग पहिचान हुने गरि खण्डिकृत तथ्याङ्कहरु संकलन तथा अद्यावधिक गरी त्यसका आधारमा योजना तर्जुमा र बजेट विनियोजन गर्ने नीति अवलम्वन गरिनेछ ।

१३०. बालबालिका तथा अपाङ्ग एवम जेष्ठ नागरिकहरुलाई सामाजिक संरक्षण प्रदान गरिने छ ।

१३१. सामाजिक कुरीतिहरुका विरुद्ध सचेतना लाई सामाजिक विकासका हरेक कृयाकलापमा समावेश गरी छलफल गरिनेछ ।

१३२. सिप बिकास (बेसीक, एडभान्स ढाका, एडभान्स सिलाइ कटाई, एडभान्स ब्यूटिपार्लर र टेवा पुँजी वितरण कार्यक्रम) सञ्चालन गरिनेछ साथै एक पटकको लागि शिप परिक्षणको व्यवस्था मिलाईने छ।

१३३. स्थानीय सिप विकास तालिम बाट उत्पादन भएका वस्तुहरुको विक्रीको लागि कोशेली घर निर्माण गरिनेछ ।

१३४. लैगिंक हिंसा निवारणका लागी निरोधात्मक, प्रबर्द्धनात्मक, संरक्षणनात्मक उपाय र पुनःस्थापना कार्यक्रमहरु संचालन गरिनेछ ।

१३५. बालश्रम मुक्त स्थानिय तह किशोर किशोरी शिक्षा तालिम बिधबा, बालबिबाह, जन्मदर्ता, महिनावारी, बालश्रम, यौन हिंसा, शारिरीक, मानसिक हिंसा, *Cyber Crime* आदि बारे सचेतना कार्यक्रम संचालन गरिनेछ ।

१३६. उर्लाबारी नगरपालिकालाई बालमैत्री नगरपालिका घोषणा गर्न आवश्यक नीति तय गरी योजनाहरु सञ्चालन गरिनेछ ।

१३७. अपाङ्गता भएका ब्यक्ति तथा असाहायको लगत अध्यावधिक, परिचय पत्र वितरण, सामाजिक सुरक्षा तथा सुबिधाको ब्यावस्थापन तथा सहायक सामाग्री बितरण कार्यलाई निरन्तरता दिइने छ ।

१३८. सि.बि.आर.कार्यक्रम मार्फत अपाङ्गता भएका ब्यक्तिहरुको जिवनको गुणस्तरमा सुधार गर्दै लगिनेछ ।

१३९. अपाङ्गता भएका ब्यक्तिमैत्री सरकारी तथा सामुदायिक पूर्वाधार निर्माण तथा संचालन गर्ने नीति लिइनेछ ।

१४०. महिला हिंसा न्यूनिकरणका लागि समविकास तालिम सञ्चालन गरिनेछ ।

१४१. स्थानीय लै.स.सा.स सम्बन्धी नीति तर्जुमा गरी लागु गरिनेछ ।

**आदिवासी, जनजाति, दलित, मधेसी, मुस्लिम, तथा पिछडा वर्गः**

१४२. दलित समुदायको परम्परागत सिप र ज्ञानलाई प्रबर्द्धन गरी रोजगारमूलक बनाउने नीति लिइनेछ ।

१४३. नगरपालिकालाई छुवाछुत मुक्त नगर बनाउँदै दलितहरुलाई मूल प्रवाहमा सहभागिता बढाउदै लगिनेछ ।

१४४. आदिवासी जनजाति, युवा तथा महिलाहरुलाई रोजगार सृजना हुने खालका सिप विकास तालिम, लोकसेवा आयोग तयारी तथा व्यापार प्रबर्द्धन सम्बन्धी तालिम कार्यक्रम बनाई सञ्चालन गरिनेछ ।

१४५. मधेसी, मुस्लिम, पिछडा वर्गका सामाजिक, साँस्कृतिक कार्यक्रमहरुको संरक्षण र प्रबर्द्धन गरिनेछ ।

१४६. सबै वर्गको धर्म, संस्कृति, भेषभूषा, मौलिक शिपहरु संरक्षण प्रबर्द्धन र बजारीकरण गर्ने कार्यक्रम ल्याईने छ ।

## युवा तथा खेलकुद विकासः

१४७. युवाहरुको सशक्तिकरण र विकासको लागि समान अवसरहरुको श्रृजना हुने वातावरण मिलाइनेछ ।

१४८. युवाहरुको अन्तरनिहित प्रतिभाको पहिचान र विकासका लागि लगानी गरिनेछ ।

१४९. प्रशिक्षणका माध्यम बाट व्यवसायिक खेलाडीको विकासमा जोड दिदै खेलकुदका कृयाकलापहरुलाई संरक्षण र सम्बर्द्धन गरिदै लगिनेछ ।

१५०. सालवारी खेलकुद रंगशाला सहित नगरमा अन्य आधुनिक रङ्गशाला र खेलमैदान बनाउन पहल गरिनेछ।

१५१. युवा तथा खेलकुदका कार्यक्रम सञ्चालन गर्न आवश्यक कार्यविधि तयार गरी कार्यान्वयन गरिनेछ ।

१५२. लागू औषध र दुर्व्यसनमा फसेका यूवाहरु लाई खेलकुदको माध्यमबाट रुपान्तरण गरिनेछ ।

१५३. सार्वजनिक जग्गाहरुमा खुला व्यामशाला स्थापना गरी संचालन गर्दै लगिनेछ ।

## जनसंख्या व्यवस्थापनः

१५४. नगरको वडाहरुबाट संचालित व्यक्तिगत घटना दर्ता कार्यक्रमलाई व्यवस्थित गर्दै लगिनेछ।

१५५. सन् २०२४ सम्म सबै प्रकारका व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाई सराई) हरुलाई शत प्रतिशत पुऱ्याउने सरकारको लक्ष्य अनुरूप विभिन्न घटना दर्ता सम्बन्धी अभियान, जनचेतना मुलक कार्यक्रमलाई निरन्तरता दिदै *VERSS-MIS* प्रणालिमा ल्याइनेछ।

## सामाजिक सुरक्षा कार्यक्रमः

१५६. अपाङ्गता भएका व्यक्तिहरुको शिक्षा, स्वास्थ्य र आय तथा सीपमूलक कार्यक्रमहरुमा पहुंच अभिवृद्धि गर्न अन्य निकायहरुको सहकार्यमा कार्यक्रमहरु संचालन गरिनेछ ।

१५७. सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई पारदर्शी बनाउन तथा सही व्यक्तिलाई सही रकम प्रदान गर्न सरकारको नीति अनुरुप उपलब्ध भए सम्म एक बैंक एक वडाको नीति अवलम्बन गरिनेछ ।

१५८. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने असाहाय असक्त लाभग्राहीहरूलाई बैंक मार्फत घरदैलोमा गई भत्ता वितरण गरिनेछ।

१५९. सामाजिक सुरक्षा, व्यक्तिगत घटना दर्ता र राष्ट्रिय परिचयपत्र अभियान संघीय सरकारको समन्वयमा संचालन गरिनेछ।

१६०. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको अनलाईन विवरणलाई वार्षिक रुपमा वडा कार्यालयबाट नविकरण र अध्यावधिक गरिदै आएकोमा सो कार्यलाई थप व्यवस्थित र सुदृढिकरण गरिदै लगिनेछ ।

१६१. अपाङमैत्री भवन निर्माण गरी अपाङ्गहरुको संरक्षण गरिने र अपाङ्गहरुको शिप प्रवर्द्धन गर्ने कार्यक्रम संचालन गरिनेछ ।

**भौतिक पूर्वाधार तर्फः**

१६२. सडक लगायत भौतिक पूर्वाधारको निर्माण दिगो र गुणस्तरीय हुने गरी निर्माण गरिने छ ।

१६३. दिर्घकालिन रुपमा लाभ लिन सकिने ठूला प्रकृतिका योजना लगायत नगर गौरवका योजनाहरुको तर्जुमा र कार्यान्वयनलाई प्राथमिकता दिईनेछ ।

१६४. योजना/कार्यक्रम कार्यान्वयनमा सहजता ल्याउन उपभोक्ता समिति र सरोकारवाला पक्ष लक्षित तालिम तथा अभिमुखिकरण तालिम संचालन गरिनेछ ।

१६५. भौतिक पूर्वाधार निर्माणमा वडाबाट ३ लाख भन्दा माथिका र नगरपालिकाबाट ५ लाख भन्दा माथिका योजना मात्र बनाइनेछ ।

१६६. यस नगरपालिका भित्र तालिम प्राप्त जनशक्तिबाट मात्र भौतिक संरचना निर्माण गर्ने नीति लिइनेछ ।

१६७. विकास योजना संचालन गर्दा वातावरणीय प्रभाव मूल्यांकन गर्ने परिपाटीलाई संस्थागत गरिनेछ ।

१६८. निर्माण कार्यको सामान्य ल्याब टेष्ट नगरपालिकाबाट नै सःशुल्क गर्न सकिने व्यवस्था मिलाउन ल्याबको व्यवस्था गरिनेछ ।

१६९. बक्राहा खोला, मावा खोला, रतुवा खोला लगायतका नदी कटान रोक्न राष्ट्रपति चुरे तराई मधेश संरक्षण समितिका कार्यक्रम र कोशी बक्राहा नदी नियन्त्रण कार्यक्रम, जनताको तटबन्ध कार्यक्रम लगायत अन्य क्षेत्रबाट प्राप्त बजेटलाई नगरक्षेत्र भरी तटबन्ध र वृक्षारोपणलाई निरन्तरता दिइनेछ ।

१७०. पूर्वाधार विकासको क्षेत्रमा निर्माण कार्य गर्दा प्राथमिकीकरण, प्राविधिक उपर्युक्तता तथा नगरपालिकाका बासिन्दाहरुले अधिकतम लाभ पाउन सक्ने खालका योजनाहरु मात्र सञ्चालन गरिनेछ ।

१७१. सडक निर्माण सम्बन्धी कार्य सञ्चालन गर्नु पूर्व सडकको क्षेत्राधिकार (राइट अफ वे) कायम गर्न लगत कट्टा गर्ने प्रकृया अगाडि बढाइने छ ।

१७२. नगरपालिकाबाट हुने ठेक्का प्रकृयाको १० लाख भन्दा माथिका योजना अनिवार्यरुपमा ई-बिड *(E-BID)* मार्फत सञ्चालन गरिनेछ ।

१७३. मर्मत सम्भार कोष मार्फत नगरभित्रका बिग्रिएका/भत्किएका कालोपत्रे तथा अन्य बाटा तथा भौतिक संरचनाहरुको मर्मत सम्भार गर्दै लगिनेछ ।

१७४. सार्वजनिक निकाय र संघसस्थाहरुलाई भवन निर्माणको योजना माग गर्दा जग्गाको सुनिश्चितता, भवनको नक्सा सहितको लागत अनुमान र आवश्कता अनुसार *DPR* पहिलेनै तयारी भएको हुनुपर्नेछ ।

१७५. नगरपालिका भन्दा बाह्यबाट प्राप्त योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दा आवश्यकता अनुसार कार्यपालिकाको निर्णायिनुसार समपुरक कोषबाट समेत रकम थप गरी योजना सम्पन्न गरिने नीति लिइनेछ ।

## विद्युत तथा वैकल्पिक उर्जाः

१७६. विद्युतीकरण नभएका नगरका वडाहरुमा विद्युत प्राधिकरणसँगको समन्वयमा विद्युत विस्तार गरिनेछ ।

१७७. राजमार्ग तथा मुख्य सडकहरुमा सडक बत्ती जडान गर्दै लगिनेछ । उज्यालो उर्लाबारी नगरको पहिचान बनाईनेछ ।

१७८. वैकल्पिक उर्जाको प्रयोगलाई प्राथमिकता दिइनेछ ।

१७९. अति विपन्न समुदायलाई निःशुल्क विद्युत मिटर जडान गर्ने व्यवस्था मिलाईनेछ ।

१८०. अव्यवस्थित विद्युत पोल र केबलका तारहरु सम्बन्धित निकायसँगको समन्वयमा व्यवस्थित गरिनेछ । मुख्य चोक/बजारमा शहरी सुन्दरता कायम गर्न, सुरक्षामा ध्यान दिई भूमिगत तार व्यवस्थापन प्रकृयालाई व्यवस्थित गर्दै लगिनेछ ।

## बस्ती विकास तथा शहरी पूर्वाधारः

१८१. पुराना बस्तीहरुमा शहरी पूर्वाधारहरुः विद्युत, कालोपत्रे, नाला, सरसफाई, खानेपानी लगायतका न्यूनतम शहरी पूर्वाधारको व्यवस्था गर्ने नीति लिइनेछ ।

१८२. नयाँ बस्तीहरु निर्माण गर्दा मापदण्ड अनुसारका वातावरण तथा सरसफाई, विद्युत, ढल निकास, नाला, खानेपानी जस्ता पूर्वाधार विकास गर्नुपर्ने नीति लिइनेछ ।

१८३. नगरपालिकाबाट घर निर्माण सम्पन्न लिदा एक घर, दुई फलफूल बिरुवा तथा सेफ्टी ट्याङ्की अनिवार्य गर्ने गरी सञ्चालन गरिनेछ ।

१८४. आ.व २०७९।०८० देखि नगर क्षेत्रमा जग्गा विकास गर्दा वातावरण तथा सरसफाई, विद्युत, ढल निकास, नाला, न्यूनतम ड्रेन बाहेक २० फिटको सडक, खानेपानी जस्ता पूर्वाधार विकास गर्नुपर्नेछ साथै एक बिगाहा जग्गा प्लटिङ गर्दा बस्तीको बीचमा पर्ने गरी दुई कठ्ठा सार्वजनिक प्रयोगका लागि खुल्ला ठाउको रुपमा छोड्नु पर्ने नीति लिइनेछ ।

१८५. भवन निर्माण सम्बन्धी मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

१८६. उर्लाबारी नगरक्षेत्रमा स्थानीय भू-उपयोग सम्बन्धी कानून तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

## लागत सहभागिता सम्बन्धि नीतिः

१८७. भौतिक पूर्वाधार सम्बन्धी योजना संचालन गर्दा अधिकतम जनसहभागिता हुने योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिई न्यून लागतका टुक्रे योजनाहरु (भौतिक पुर्वधार तर्फ) लाई निरुत्साहित गर्दै ठूला र महत्वपुर्ण योजनाहरुमा प्रत्यक्ष लाभग्राहीको अर्थपूर्ण सहभागिता बढाउदै लगिनेछ ।

१८८. टोल विकास संस्थाहरु गठन गरी योजना तथा अन्य कृयाकलापहरुमा सकृय सहभागिता गराईनेछ ।

१८९. माटोको काम, ग्राभेलमा न्यूनतम १५ प्रतिशत जनसहभागिता अनिवार्य गर्ने ।

१९०. पक्की संरचना (ड्रेन, भवन निर्माण आदि) निर्माण एवं मर्मत कार्यमा न्यूनतम १५ प्रतिशत जनसहभागिता अनिवार्य गर्ने ।

१९१. भवन, पुल, कालोपत्रे र बक्स कल्भर्ट निर्माण, विद्युतिकरणका लागि प्राविधिक विज्ञता आवश्यक पर्ने संरचना उपभोक्ता समिति मार्फत नगर्ने ।

१९२. गुणस्तरीय कालोपत्रे सडक संरचना निर्माण गर्ने नीति लिइनेछ ।

१९३. ड्रेन सहित सडक ग्राभेल निर्माण कार्यमा न्यूनतम १५ प्रतिशत जनसहभागिता अनिवार्य गर्ने ।

१९४. योजना अनुसारको विपद् व्यवस्थापनमा न्यूनतम १० प्रतिशत र आपतकालिन विपद् व्यवस्थानमा शून्य प्रतिशत जनसहभागिता गर्ने ।

१९५. सार्वजनिक स्थलमा बन्ने अनाथालय, वृद्धाश्रम, पार्क, शौचालय, खेलमैदान, सामुदायिक विद्यालय, सरकारी कार्यालय र गैर नाफामूलक संघ-संस्थामा लागत सहभागिता आवश्यक नपर्ने । लक्षित वर्गका कार्यक्रम, पोषण कार्यक्रम, वृक्षारोपण, तालिम, गोष्ठीमा लागत सहभागिता नपर्ने ।

१९६. कुनै निश्चित कार्यविधिले निदृष्ट गरेको र पूर्वशर्तको रुपमा रहेको सहभागिताको रकम बाहेक ठेक्काबाट संचालन गरिने योजनामा लागत सहभागिता अनिवार्य नगर्ने ।

१९७. सार्वजनिक खरिद ऐन, नियामवली, प्रदेश कानून, संघीय कानूनले निदृष्ट गरेको लागत सहभागिता सम्बन्धि व्यवस्था र मापदण्डलाई सोही बमोजिम कार्यान्वयन गर्ने ।

१९८. पेभिङ्ग ब्लक निर्माण कार्यमा न्यूनतम १५ प्रतिशत जनसहभागिता अनिवार्य गर्ने ।

१९९. नदी नियन्त्रण र सार्वजनिक जग्गा/क्षेत्र भित्रको तटबन्धमा लागत सहभागिता आवश्यक नपर्ने ।

**विपद व्यवस्थापनः**

२००. प्राकृतिक प्रकोप (चटयाङ, बाढी, भूकम्प, आगलागि, डढेलो, भूक्षय, सरुवा तथा महामारी रोग आदि) बाट हुने क्षति न्यूनिकरण गर्नको लागि वार्षिकरुपमा कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ ।

२०१. नगरपालिकाको विपद् व्यवस्थापन कोषलाई निरन्तर वृद्धि गर्दै विपदको पूर्वतयारी, उद्दार, राहत र पुर्नस्थापना कार्यमा कार्ययोजना बनाई खर्च गरिनेछ ।

२०२. स्थानीय विपद् व्यवस्थापन तथा जलवायु उत्थानशिल योजना तयार भैसकेको हुँदा लागू गरिनेछ ।

२०३. चौबिसै घण्टा प्रदान गरिदै आएको दमकल सेवालाई थप व्यवस्थित गरिदै लगिनेछ ।

२०४. आपातकालीन कार्य संचालन केन्द्र स्थापना र संचालन गरिनेछ ।

२०५. विपद जोखिम न्यूनिकरण, उद्दार, प्रतिकार्य र विपद व्यवस्थापन सम्बन्धि आवश्यक तालिमको व्यवस्था गरिने छ ।

## नदी नियन्त्रण तथा भू-संरक्षणः

२०६. नदी नियन्त्रणको कार्य जोखिमको आधारमा बहुबर्षिय योजनाको रुपमा राष्ट्रपति चुरे तराई मधेश संरक्षण आयोजना, कोशी बक्राहा आयोजना, जनताको तटबन्ध कार्यक्रम समेतको सहभागितामा योजना सञ्चालन गरिनेछ ।

२०७. नगरपालिकाबाट अत्यन्त जोखिम क्षेत्र पहिचान गरी नदी नियन्त्रणको योजना सञ्चालन गरिनेछ ।

२०८. बक्राहा, मावा, सोल्टी, रतुवा, मिक्लु र सुनझोडा लगायतका नदीहरुबाट हुने कटान नियन्त्रण गर्न तटबन्ध कार्यलाई निरन्तरता दिइनेछ ।

## वन, वातावरण तथा जलवायु परिवर्तनः

२०९. जलवायु परिवर्तनको प्रभावलाई न्यूनिकरण गर्न विभिन्न निकायहरुसंग समन्वय गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

२१०. सामुदायिक वनहरुलाई संरक्षण, संबद्र्धन गर्ने नीति लिइनेछ । बालउद्यान, चिल्ड्रेन पार्क, मनोरञ्जनस्थल भएका स्थानलाई वृद्धि विकास गर्दै लगिनेछ ।

२११. सडक निर्माणका योजना सञ्चालन गर्दा सडक किनारामा फलफूलका बिरुवा अनिवार्य रुपमा वृक्षारोपण गर्ने नीति लिइनेछ ।

२१२. बाटो, सिचाई, ढल निकास जस्ता भौतिक पूर्वाधारका योजना बनाउँदा भू-क्षय नहुने, सामुदायिक वन अतिक्रमण नहुने, पानीको मुहान एवम् वन, वातावरणमा प्रतिकूल असर नपर्ने गरी योजना कार्यान्वयन गरिनेछ ।

२१३. खोला किनारामा तटबन्धन सहितको वृक्षारोपण गरी सडक निर्माणमा स्थानीय उपभोक्तालाई उत्प्रेरित गरिनेछ ।

२१४. सार्वजनिक जग्गाको संरक्षण र सम्बर्द्धन गरिनेछ ।

२१५. प्लाष्टिक झोलाको प्रयोगलाई निरुत्साहित गर्ने नीति लिइनेछ ।

**फोहोर मैला व्यवस्थापनः**

२१६. "मेरो फोहोर मेरो जिम्मेवारी", "फोहोरलाई मोहर बनाऔ" भन्ने नाराका साथ घरेलु फोहोर व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गर्ने नीति लिइनेछ ।

२१७. वातावरणीय निर्देशिका बनाई लागू गरिनेछ ।

२१८. आधुनिक फोहोर व्यवस्थापन केन्द्र बनाउन लगानी साझेदारको खोजी गरिनेछ । फोहोर-मैला व्यवस्थापनको लागि निजि क्षेत्रसँग सहकार्य/पुनरावलोकन गरी अघि बढिनेछ ।

२१९. नगर सरसफाई, फोहोरको श्रोतमा नै वर्गीकरण र संकलनका साथै सुरक्षित ढुवानी गरी अन्तिम निष्कासनलाई नियमित गरिनेछ ।

२२०. फोहोरलाई श्रोतको रुपमा उपभोग गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

२२१. रेष्टुरेन्ट, होटल र हाटबजारको फोहोरबाट मल बनाउने वा उर्जा निर्माण गर्ने गरी निजी क्षेत्रसंग सरकारी-निजी साझेदारीमा कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिइनेछ ।

२२२. नगरमा सार्वजनिक शौचालय निर्माण कार्य अगाडि बढाईनेछ ।

**संस्थागत विकास एवं सुशासनः**

२२३. नगर कार्यपालिकाको शाखा, उपशाखाहरुको विस्तृत कार्य विश्लेषण गरी कार्य विवरण तयार गरिनेछ । शाखा, उपशाखामा कर्मचारीहरुलाई जिम्मेवार बनाई गुणस्तरयुक्त सेवा प्रवाह गर्न पदस्थापना संगै कार्यविवरण उपलब्ध गराइनेछ।

२२४. कर्मचारीले कानूनले तोकेको आचारससंहिता अनिवार्य रुपमा पालना गर्नुपर्नेछ । कर्मचारीले कार्यालयमा आफ्नो जिम्मेवारी फछ्र्योट गर्दा मुस्कानसहित छिटो, छरितो र सेवामैत्री व्यवहार अपनाउनु पर्नेछ।

२२५. सेबाग्राहीलाई सहज सेवा प्रदान गर्न पहिले आउनेलाई पहिलो प्राथमिकता विधि अपनाइनेछ।

२२६. कार्य मूल्याङ्कनको आधारमा कर्मचारीहरुलाई दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ। प्रत्येक बर्ष उत्कृष्ट कर्मचारी छनौट गरी नगद पुरस्कार सहित गरिदै आएको सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२२७. कर्मचारीहरुको कार्य दक्षता अभिबृद्धि गर्न समयसापेक्ष तालिम, अध्ययन र अवलोकनमा सहभागी गराइनेछ ।

२२८. नगरपालिकाका गतिबिधिहरु नगरबासीलाइ नियमित रुपमा सुसूचित गराउन र सेवा प्रवाहमा प्रभाबकारिता, पारदर्शिता र जवाफदेहिता वृद्धि गराउन स्थानीय विभिन्न संचार माध्यमहरु (एफ.एम., छापा संचार र एप्लिकेसनहरु) समेतको सहभागिता गराइनेछ।

२२९. उर्लाबारी नगरपालिकाको आवाधिक योजना निर्माणको कार्य अगाडी बढिसकेको हुँदा यसलाई सम्पन्न गरिनेछ र भू-उपयोग योजना तयार गरिनेछ ।

२३०. नगर कार्यपालिकाको कार्यालयमा डिजिटल नागरिक वडापत्र र वडा कार्यालयहरुमा सूचना पाँटी र नागरिक वडापत्रको व्यवस्था गरिनेछ ।

२३१. नगरपालिकाको प्रतिवेदन प्रणालीलाई चुस्त, दुरुस्त बनाउन सफ्टवेयरको निर्माण गरी सञ्चालनमा ल्याइनेछ ।

२३२. नगरपालिकाको कामको चाँप र कर्मचारीबाट बहन गरेको कार्यबोझलाई मध्यनजर गर्दै स्वीकृत संगठन संरचना भित्रका सम्पूर्ण कर्मचारीलाई प्रोत्साहन स्वरुप दिइदै आएको खाजा भत्तालाई निरन्तरता दिइनेछ ।

२३३. करार सेवामा कार्यरत ३ वर्ष समयावधी पुगेका कर्मचारीहरुलाई दिइदै आएको कर्मचारी सञ्चयकोषको सुविधालाई निरन्तरता दिइनेछ । भविष्यमा नेपाल सरकारबाट योगदानमा आधारित सामाजिक सुरक्षा लागु भएको अवस्थामा सोही अनुसार सुविधा हुने व्यवस्था मिलाईनेछ ।

२३४. नगरपालिकाको कार्यालय तथा सबै वडा कार्यालयहरुमा नागरिक सहायता कक्षको स्थापना गरिनेछ ।

२३५. नगरको आवधिक योजना निर्माण गरी वार्षिक योजना तथा कार्यक्रमहरु तय गरिदै लगिनेछ ।

२३६. विधुतिय सूचना र संचार प्रणालीलाई महत्व दिदै नगरपालिका र मातहतका सबै कार्यालयहरुमा विधुतिय सूचना/संचार प्रणाली मार्फत सेवा प्रणालीलाई छिटो, छरितो, पारदर्शि र विश्वासनिय बनाईनेछ ।

२३७. नगरपालिका र अन्तगतका कार्यालयहरुबाट भएका कार्य तथा प्रगति विवरणहरुलाई निरन्तर रुपमा अध्यावधिक गर्दै लगिनेछ ।

**राजश्वः**

२३८. नगरको आन्तरिक राजस्वलाई वृद्धि गर्न नगरस्थित सम्भाव्य श्रोतहरुको पहिचान गरी राजश्वको बार्षिक प्रक्षेपण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२३९. आन्तरिक श्रोत अभिवृद्धिका लागि बहाल कर तथा अन्य करका नया क्षेत्रहरुको पहिचान, करका दरहरुको समायोजन र संशोधन गर्नको लागि स्थलगत अध्ययन गरी प्रतिवेदन पेश गर्ने गरी कार्यदल गठन गरिनेछ र सो कार्यदलको प्रतिवेदनका आधारमा करको संरचना र दरहरुमा समसामयिक सुधार गरी करको दायरा वृद्दि गर्दै नागरिकलाई करको दायरामा आउन प्रोत्साहन गरिनेछ ।

२४०. करदाताको गुनासोलाई यथाशिघ्र व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२४१. नगर क्षेत्रभित्रका ब्यवसायीहरुलाई व्यवसाय कर तिर्न उन्मुख गराउन व्यवसायिक संस्था संग सहकार्य गर्दै करदाता शिक्षा लगायत विशेष कार्य संचालन गरिनेछ ।

२४२. व्यवसाय करको दरलाई न्यायोचित बनाई शतप्रतिसत व्यवसायीलाई आफ्नो व्यवसायको लगत न.पा. मा राख्ने वातावरण सिर्जना गरिनेछ ।

२४३. नगरपालिकाको आन्तरीक राजश्व सुधार कार्ययोजना बमोजिम थप राजश्वका क्षेत्रहरुको पहिचान गर्दै आगामी वर्ष देखि राजश्व अभिबृद्धि गर्नको लागि आवश्यक कार्यविधि र नियमावली तयार गरिनेछ ।

२४४. नगरको उत्कृष्ट करदातालाई सार्वजनिक कार्यक्रम मार्फत सम्मान गर्ने कार्यको शुरुवात गरिने छ ।

२४५. आ.व. २०७९/०८० मा नगरपालिकालाई बुझाउनु पर्ने वार्षिक कर सम्वत् २०७९ को असोज मसान्तसम्म बुझाएमा प्रोत्साहन स्वरुप १० प्रतिशत छुट दिने व्यवस्था मिलाईने छ ।

२४६. व्यवसाय कर चुक्ता गरेका पसल/व्यवसायमा कर चुक्ताको स्टीकर टाँस गर्ने व्यवस्था मिलाईनेछ ।

२४७. कर सेवा भुक्तानी प्रणालीलाई अनलाइन माध्यमबाट कर बुझाउने ब्यवस्था मिलाइने छ ।

२४८. करको संरचना र दरहरुमा समसामयिक सुधार गरी नागरिकलाई करको दायरामा आउन प्रोत्साहन गरिनेछ ।

२४९. घर बहाल कर प्रणालीलाई वैज्ञानिक र व्यवस्थित गरिदै लगिनेछ ।

**सूचना, प्रविधि तथा अभिलेख व्यवस्थापनः**

२५०. नगरको सामाजिक तथा आर्थिक तथ्यांकहरु संकलन र अद्यावधिक गर्न नगरमा सूचना तथा अभिलेख केन्द्र स्थापना गरी आधुनिक प्रविधि सहितको सूचना केन्द्रका रुपमा थप सुदृढिकरण गरिनेछ ।

२५१. स्थानीय सुशासनलाई बढावा दिने नीतिलाई निरन्तरता दिदै सामान्य जानकारी एवं सूचना प्रवाहमा समेत हुंदै आएको कागजको प्रयोगलाई घटाउदै इलेक्ट्रोनिक प्रविधिको प्रयोग गरी एस.एम.एस. माध्यमबाट त्यस्ता सूचनाहरु प्रवाहित गर्न शुरुवात गरिनेछ । साथै क्रमशः वडाहरुलाई कागजको प्रयोगलाई घटाउदै इलेक्ट्रोनिक प्रविधिको प्रयोग गरी रिर्पोट तयार गर्ने तालुक निकायमा पठाउने कामलाई तदारुकताका साथ लागू गरिनेछ ।

२५२. वेबसाईट र सामाजिक सञ्जाल मार्फत सूचना तथा जानकारी नगरबासी समक्ष प्रवाह गर्ने कार्यलाई अझ व्यवस्थित गर्दै लगिनेछ ।

२५३. नगरपालिकाको सर्भरलाई अपग्रेड गरी डाटा सञ्चयन र सुरक्षामा सुदृढिकरण गर्दै लगिनेछ ।

२५४. कार्यालयबाट प्रदान गरिने सेवा सुविधालाइ पारदर्शि र थप चुस्त दुरुस्त बनाउन नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयमा सि.सि.क्यामेरा जडान गरिनेछ ।

२५५. नगरको तथ्यांक निरन्तर अध्यावधिक हुने गरी डिजीटल प्रोफाइल निर्माण गरिनेछ ।

**आर्थिक प्रशासन सम्बन्धि नीतिः**

२५६. राजश्व आम्दानी महालेखा नियन्त्रक कार्यालयबाट तोकिएको एकीकृत आर्थिक सङ्केत, वर्गीकरण तथा ब्याख्या अनुरूप राजश्व शीर्षक छुट्याई आम्दानी बाँधिनेछ ।

२५७. स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता कायम गरिनेछ।

२५८. खर्चमा एकरुपता र मितव्ययिता ल्याउन खर्च सम्वन्धी मापदण्ड र निर्देशिका निर्माण गरी सोको पालना गरिनेछ ।

२५९. शिक्षा, स्वास्थ्य, कृषि जस्ता क्षेत्रगत कार्यक्रम सम्वन्धी खर्च गर्दा स्वीकृत मार्गदर्शन, कार्यविधि एवम् शर्तहरु पालना भएको सुनिश्चित गरिनेछ ।

२६०. लागत साझेदारीमा कार्यान्वयन गरिएका योजनाहरुको सम्वन्धमा सम्झौता बमोजिम सम्वन्धित लाभग्राही, उपभोक्ता समिति वा स्थानीय संस्थाको योगदानको सुनिश्चितता गरिनेछ।

२६१. स्वीकृत प्रस्ताव र लागत अनुमान अनुसार कार्य सम्पन्न गरी पेश भएको प्रतिवेदनको आधारमा रकम भुक्तानी गरिनेछ ।

२६२. खर्चको सोधभर्ना माग गर्ने कार्यमा सहयोगी हुने आर्थिक र अन्य विवरण समयमा तयार गरिनेछ ।

२६३. भुक्तानी आदेश दिंदा प्रचलित कानून बमोजिम रीत पुगे नपुगेको जाँच गरी भुक्तानी आदेश जारी गर्ने र खर्च लेखिनेछ ।

२६४. पदाधिकारी तथा कर्मचारीको बैठक भत्ता, दैनिक भत्ता एवम् भ्रमण खर्च आदि कानून बमोजिम मात्र वितरण गरिनेछ ।

२६५. महालेखा नियन्त्रक कार्यालयबाट स्वीकृत ढाँचा बमोजिम लेखापालन गर्ने/गराइनेछ ।

**विविधः**

२६६. योजनाहरुको आवश्यकताको पहिचान, प्राथमिकीकरण, संचालन तथा मर्मत सम्भार सम्बन्धी कार्यहरुमा अधिकाधिक जनसहभागिता बृद्धि गरी जनस्वामित्व बढाउदै लगिनेछ ।

२६७. स्वनिर्भर स्वशासन तर्फ अग्रसर हुन आन्तरिक आयवृद्धिमा जोड दिइनेछ ।

२६८. निक्षेपित कार्यालयका कार्यक्रमहरुलाई स्थानीय तह प्रति थप उत्तरदायी बनाउदै लगिनेछ ।

२६९. नगरक्षेत्रमा देखा पर्ने हात्ति आतंकलाई न्यूनिकरणका लागि साइरन जडित प्रविधि र प्रभावित क्षेत्रमा सडक बत्तिको जडान गरिनेछ ।

२७०. नगरभित्र संचालन भएका योजनाहरुको प्रभावकारी कार्यान्वयनको लागि अनुगमन तथा मूल्याङ्कन कार्यलाई थप सुदृढ बनाउंदै लगिनेछ ।

२७१. सार्वजनिक जग्गाको संरक्षणको लागि वडा समिति र समुदायको सहभागितामा आवश्यक पहल गरिनेछ ।

२७२. नगरवासीहरुको न्यायमा सहज पहुँच हुने व्यवस्था मिलाईनेछ ।

२७३. सामुदायिक मेलमिलाप कार्यलाई प्रभावकारी बनाईनेछ ।

२७४. संघ संस्था दर्ता, अनुगमन र नियमनको कार्य अगाडी बढाइनेछ ।

२७५. नापी शाखा र मालपोत कार्यलयलाई उर्लाबारीमा ल्याउन पहल गरिने छ ।

२७६. उपभोक्ता हित संरक्षणका लागि बजार अनुगमनलाई नियमित र प्रभावकारी बनाइने छ ।